चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०७९।०८०
च.नं. २५९८(शिक्षा।)

फोन नं. ०१-४३१५७६६

मिति : २०७९।११।१७

**विद्यालय लेखापरीक्षणका लागि आशय पत्र पेश गर्ने सम्बन्धी सूचना !!!**

चन्द्रागिरि नगरपालिका नगर शिक्षा ऐन, २०७५ र चन्द्रागिरि नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ बमोजिम यस नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको आव २०७८।७९को अन्तिम लेखापरीक्षण गर्नका लागि इच्छुक व्यक्ति।संस्था।कम्पनी वा फर्मबाट उक्त लेखापरीक्षण कार्यविधि, २०७९को दफा ४ मा उल्लिखित कागजातहरु संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको दस्तुर तिरी यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आशय पत्र पेश गर्नु हुन अनुरोध गरिन्छ । संस्थागत विद्यालयहरुले आशय पत्र पेश गरेका र योग्यता पुगेका कम्तिमा तिनजना रजिष्टर्ड लेखापरीक्षक । फर्म विद्यालय व्यवस्थापन समितिको निर्णयसहित सिफारिस गरी नियुक्तिका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ । साथै, थप जानकारीका लागि नगरपालिकाको वेबसाइट www.chandragirimun.gov.np र चन्द्रागिरि नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ हेर्नु हुन अनुरोध छ ।

कर्ण बहादुर भुवाजी
अधिकृत दर्जा

# नौ महिनापछि कित्ताकाट फुकुवा




तस्बिर : राजु लामिछाने

रुकुमपश्चिमको मालपोत कार्यालय ।

कित्ताकाट फुकुवा भएकै दिनदेखि मालपोतमा सेवाग्राहीको भीड बढ्न थालेको छ । कार्यालयका निमित्त प्रमुख ओमबहादुर खत्रीका अनुसार जनशक्ति थोरै भएकाले सेवाग्राहीको चाप थेग्न गाह्रो छ । बेलाबेलामा हुने प्राविधिक समस्याका कारण सेवाग्राही आएकै दिनमा सेवा दिन कठिन

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, फागुन १६ गते*

रुकुमपश्चिमका चार स्थानीय तहमा करिब नौ महिनापछि जग्गाको कित्ताकाट खुला गरिएको छ।

जेठ अन्तिम साताबाट बन्द गरिएको जग्गाको कित्ताकाट फागुन १५ गते सोमबारदेखि खुला भएको हो। जिल्लाको मुसीकोट नगरपालिका, चौरजहारी नगरपालिका, आठबीसकोट नगरपालिका र त्रिवेणी गाउँपालिका क्षेत्रमा हुने जग्गाको कित्ताकाट खुला गरिएको मालपोत कार्यालय रुकुमपश्चिमले जनाएको छ।

मालपोत कार्यालयका निमित्त प्रमुख ओमबहादुर खत्रीका अनुसार चार स्थानीय तहले स्थानीय भूउपयोग कार्यविधि तयार गरेकाले कित्ताकाट फुकुवा गरिएको हो। अब जिल्लाका सानीभेरी र बाँफीकोट गाउँपालिकाले उक्त कार्यविधि तयार गर्न बाँकी रहेको जनाइएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गत जेठ अन्तिम साता प्राप्त निर्देशनअनुसार कित्ताकाट बन्द गरिएको थियो। स्थानीय भूउपयोग कार्यविधि तयार नगरेसम्म कित्ताकाट बन्द गर्ने मन्त्रालयको परिपत्र आएकाले नौ महिना उक्त सेवा बन्द गर्नु परेको निमित्त प्रमुख खत्रीले बताउनुभयो। कार्यविधि बनाउन बाँकी रहेका दुई गाउँपालिकाले चाँडै नै कार्य सम्पन्न गर्ने सूचना प्राप्त भएको मालपोत कार्यालयले जनाएको छ।

भूउपयोग नियमावली, २०७९ को दफा १२ अनुसार जिल्लामा कृषि र आवासीय क्षेत्रको कित्ताकाट गरिने जनाइएको छ। यसअनुसार कृषि क्षेत्रका लागि कम्तीमा एक हजार वर्गमिटर र आवासीय क्षेत्रको जग्गाका लागि कम्तीमा १३० वर्गमिटर जग्गा हुनुपर्नेछ। तोकिएको क्षेत्रफलभन्दा कम जग्गाको कित्ताकाट नहुने नियमावलीले व्यवस्था गरेको छ।

स्थानीय भूउपयोग कार्यविधि तयार गर्नुअघि स्थानीय तहले स्थानीय भूउपयोग परिषद् गठन, क्षेत्र वर्गीकरणलगायत काम सम्पन्न गर्नुपर्छ। जिल्लाका चार स्थानीय तहले फागुन १५ भित्र कार्यविधि तयार गरेर कार्यपालिका बैठकबाट अनुमोदनसमेत गरेका छन्। उक्त निर्णय मालपोत कार्यालयमा प्राप्त भएपछि कित्ताकाट खुला भएको हो।

कित्ताकाट फुकुवा भएकै दिनदेखि मालपोतमा सेवाग्राहीको भीड बढ्न थालेको छ। कार्यालयका निमित्त प्रमुख खत्रीले जनशक्ति थोरै भएकाले सेवाग्राहीको चाप थेग्न गाह्रो भएको बताउनुभयो। उहाँले दरबन्दी कम र बेलाबेलामा हुने प्राविधिक समस्याका कारण सेवाग्राही आएकै दिनमा सेवा दिन सकिँदैन कि भन्ने चिन्ता रहेको बताउनुभयो।

कार्यालयमा एक जना अधिकृत, तीन नायब सुब्बा, दुई खरिदार, एक टाइपिस्ट र चार जना कार्यालय सहयोगीको दरबन्दी छ। अधिकृत दरबन्दी खाली हुँदा नायब सुब्बाले निमित्त प्रमुखको जिम्मेवारी सम्हालेका छन्। लामो समयसम्म कित्ताकाट रोकिँदा जग्गा किनबेचमा कमी आएको थियो।

# पाँच वर्षअघि गाडिए पोल, विस्तार भएन विद्युत्

**जाजरकोट समाचारदाता**
*जाजरकोट, फागुन १६ गते*

विद्युत् पोल गाडेको पाँच वर्षसम्म पनि जाजरकोटको कुशे गाउँपालिकाका अधिकांश गाउँमा विद्युत् विस्तार हुन सकेको छैन। विद्युत् प्राधिकरणले कुशेमा ३३ केभी प्रसारण लाइन पुऱ्याउन पाँच वर्षअघि पोल गाड्ने काम थालेको थियो।

कुशे-५, पाँचकाटियाबाट खुर्पासम्म पोल गाड्ने काम भए पनि त्यहाँ अहिलेसम्म विद्युत् सेवा विस्तार भएको छैन। आर्थिक वर्ष २०७५/७६ मा साईबाबा एन्ड तारा कन्स्ट्रक्सन खलङ्गा-२ ले कुशे गाउँपालिकको पाँचकाटियादेखि खुर्पा समकोटसम्म प्रसारण लाइन निर्माणको जिम्मेवारी पाएको थियो।

छेडागाड नगरपालिकाको थलहबाट कुशे गाउँपालिका र भेरी नगरपालिका हुँदै कुशेको पाँचकाटिया जोडेर पालिकासम्म विद्युत् विस्तारको पहल गरिएको थियो। तर, हालसम्म उक्त काम सम्पन्न नहुँदा अहिले यहाँ गाडिएका पोल र तार भद्रगोल अवस्थामा छन्।

सो विद्युत् सेवा विस्तारले यहाँका करिब एक हजार घरधुरीले सेवा पाउने थिए। कुशे गाउँपालिकाको बाटुले बजारदेखि साधी बिसौनासम्म तार ठाउँठाउँमा थुपारेर फ्याँकिएको अवस्थामा भेटिने कुशे गाउँपालिका-७ का गनेस सिंहले बताउनुभयो।

विद्युत्को काम अघि नबढ्दा गाउँपालिकाको कामसमेत प्रभावित बन्दै आएको छ। सौर्य ऊर्जामार्फत पालिकाले दैनिक कार्यका साथै सेवा सञ्चालन गर्दै आएको छ। गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेतले सम्झौताअनुसार निर्माण व्यवसायीले निर्माणको काम नगर्दा विद्युत् सेवाबाट पालिकावासी वञ्चित बनेको बताउनुभयो।

उहाँले विद्युत् सेवा विस्तारको कार्य छिटो सम्पन्न गर्न निर्माण व्यवसायी र विद्युत् प्राधिकरणसँग समन्वय भइरहेको बताउनुभयो। उता विद्युत् प्राधिकरण जाजरकोट कार्यालयले केन्द्र र प्रदेशबाट भएका ठेक्कामा आफूहरूले केही पहल लिन नसक्ने जनाएको छ।

# एकीकृत कृषि तथ्याङ्क राखिने




तस्बिर : प्रतीक इच्छुक शर्मा

**कर्णाली प्रदेशमा कृषि तथ्याङ्क एउटै सफ्टवेयरमा राख्ने उद्देश्यसाथ सल्यानमा आयोजित तथ्याङ्क सङ्कलन अभिमुखीकरण कार्यक्रममा भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्मा ।**

**सल्यान समाचारदाता**
*सल्यान, फागुन १६ गते*

कर्णाली प्रदेशका १० वटा जिल्लाको कृषि तथा पशुसम्बन्धी तथ्याङ्क एकीकृत सफ्टवेयरमा राखिने भएको छ। कृषि विकास कार्यालय सल्यानमा तथ्याङ्क सङ्कलनसम्बन्धी कर्मचारीलाई अभिमुखीकरण कार्यक्रमको थालनी गरिएको छ। कर्णाली प्रदेशका १० वटै जिल्लामा सो कार्यक्रम सञ्चालन गर्ने लक्ष्यअनुसार सल्यानबाट अभिमुखीकरण सुरु गरिएको हो।

कर्णालीका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले कृषि तथा पशुसम्बन्धी वास्तविक तथ्याङ्क नहुँदा कार्यक्रम गर्न कठिनाइ भएपछि सफ्टवेयर सञ्चालनमा ल्याइएको बताउनुभयो। उहाँका अनुसार स्थलगत रूपमै त्यहाँको अवस्था र तथ्याङ्क सङ्कलन गर्न स्थानीय तहमा रहेका प्राविधिक खटिनेछन्। कृषि र पशुसम्बन्धी वास्तविक तथ्याङ्क भएमा सोसम्बन्धी कार्यक्रम गर्न, योजना बनाउन, कुन ठाउँमा के कार्यक्रमका लागि बजेट विनियोजन गर्ने, विगतमा किसानलाई उपलब्ध गराएका सामग्री के कस्तो अवस्थामा छन् ? जस्ता विषयमा जानकारी लिन सजिलो हुनेछ।

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका योजना महाशाखा प्रमुख राजु भोषले तथ्याङ्कबिना कार्यक्रम सञ्चालन गर्न नसकिने भएकै कारण कृषि तथा पशु कार्यक्रम प्रभावकारी बनाउन सफ्टवेयर सञ्चालन गरिएको बताउनुभयो। उहाँका अनुसार कृषि र पशुसम्बन्धी तथ्याङ्क पालिका र जिल्लाबाट आएपछि सङ्घमा पठाइनेछ। सफ्टवेयरमा कृषि र पशुसम्बन्धी सबैखाले तथ्याङ्क राखिनेछ। आउँदा दिनमा सफ्टवेयरमार्फत कसैले तथ्याङ्क हेर्न चाहेमा र माग गरेमा सहज रूपले उपलब्ध गराउन सकिने छ।


## Nepal Electricity Authority
**Grid Operation Department**
**Pokhara Grid Branch**
**Publication Date : 2079.11.17**

| S. N. | Contract No: | Contract Name | Cost of Bid Document | Last date of Bid Purchase | Last date of Bid Submission | Bid Opening Date & Time | Bank Account and A/C no. |
|---|---|---|---|---|---|---|---|
| 1 | Tender No.: PGB/2079/80-04 **E-bid only** Bid Bond: Rs. 50,000.00 (Cost estimate: Rs.19,68,358.76) | Protection work forTower No. 50 of Mid-Marsangdi-Marsangdi 132 kv Transmission line | NRs 1,000.00 | 15th day from first date of Publication | 16th day from first date of publication at 12:00 Hours Opening Place: Pokhara Grid Branch | 16th day from first date of publication at 14:00 Hours Opening Place: Pokhara Grid Branch | Everest Bank Ltd, Pokhara Branch A/C Name : NEA Pokhara Grid Security Account A/C No. 01600105200660 |

Further information : Pokhara Grid Branch, Pokhara, Phone No.: 061-563577 or E-mail id@pokharagrid@nea.org.np.

## Bagmati Rural Municipality
**Office of Municipal Executive**
**Jhurjhure, Makawanpur**

### Notice for Financial Proposal Opening

**Date of Publication: 2079/11/17 BS**

In accordance to Rule 31, Sub Rule 5 of Public Procurement Regulation 2064, this is hereby notified to all concerned bidders who bid as per our notice, published on 2079/09/25 BS at National Daily Gorkhapatra Newspaper, the list of successful bidders in technical proposal have been listed below.

| S.N | IFB NO. | Contract/Project Name | Bidder's Name | Remarks |
|---|---|---|---|---|
| 1. | BRM/NCB/WORKS/05/2079/080 | Construction of 15 Bed Hospital at Bagmati Rural Municipality, Makawanpur | MILLENIUM-SANJAY-SARSWOTI JV , HETAUDA | |

All qualified bidders in technical bid opening are therefore notified to send their authorized representative for financial bid opening on Date 2079/11/25 time 13:00 hours at Bagmati Rural Municipality Office, Jhurjhure Makawanpur. For all other details, kindly contact or visit to office.Tel: 9855030561 websites: http://bagmatimunmakawanpur.gov.np/or may visit PPMO egp system:https://www.bolpatra.gov.np/egp/

**Jhamka Narayan Ghalan**
**Chief Administrative Officer**

चन्द्रागिरि नगरपलिका
चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाण्डौं
(सूचना प्रकाशित मिति २०७९/११/१७)

### विद्यालय लेखापरीक्षणका लागि आशय पत्र पेश गर्ने सम्बन्धी सूचना !!!

चन्द्रागिरि नगरपालिका नगर शिक्षा ऐन, २०७५ र चन्द्रागिरि नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ बमोजिम यस नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको आव २०७८।७९को अन्तिम लेखापरीक्षण गर्नका लागि इच्छुक व्यक्ति।संस्था।कम्पनी वा फर्मबाट उक्त लेखापरीक्षण कार्यविधि, २०७९को दफा ४ मा उल्लिखित कागजातहरु संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको दस्तुर तिरी यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा आशय पत्र पेश गर्नु हुन अनुरोध गरिन्छ । संस्थागत विद्यालयहरुले आशय पत्र पेश गरेका र योग्यता पुगेका कम्तिमा तिनजना रजिष्टर्ड लेखापरीक्षक । फर्म विद्यालय व्यवस्थापन समितिको निर्णयसहित सिफारिस गरी नियुक्तिका लागि शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ । साथै, थप जानकारीका लागि नगरपालिकाको वेबसाइट www.chandragirimun.gov.np र चन्द्रागिरि नगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७९ हेर्नु हुन अनुरोध छ ।

## Kathmandu Metropolitan City
**Office of the Municipal Executive**
**KMC-Public Works Department**
**Babarmahal, Kathmandu**
**Bagmati Province, Nepal**

### Invitation for Electronic Bids

**Notice No. 12/PWD-KMC/079-080**
**Date of Publication : 2079-11-17**

**Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.**

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following works.

| IFB No. | Description of Works | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting | Estimate Amount (NRs.) (Without VAT and Contingencies) |
|---|---|---|---|---|---|---|---|
| 12-52-NCBW-079-080-PWD-KMC | Road maintenance and upgrading work at Kapan marg KMC-04 | 5,000 (Nepali Rupees Five Thousand Only | 1,50,000 (Nepali Rupees one lakh fifty Thousand only) | 2079-12-17 12:00 hour 31-03-2023 | 2079-12-17 13:00 hour 31-03-2023 | 2079-12-06 13:00 hour 20-03-2023 | 53,24,242.91 (Nepali Rupees fifty three lakh twenty four thousand two hundred forty two and paisa ninety one only) |
| 12-53-NCBW-079-080-PWD-KMC | Road Upgrading & Blacktop Paving work at Dantakali Marga, Sahayog Marga (KMC-29) | 5,000 (Nepali Rupees Five Thousand Only) | 3,90,000 (Nepali Rupees Three Lakh Ninety Thousand only) | 2079-12-17 12:00 hour 31-03-2023 | 2079-12-17 13:00 hour 31-03-2023 | 2079-12-06 13:00 hour 20-03-2023 | 1,38,01,670.53 (Nepali Rupees one crore thirty eight lakh one thousand six hundred seventy and paisa fifty three only) |
| 11-54-NCBW-079-080-PWD-KMC | Sewer & Road Construction Work at Madhya Marg Sankhamul, KMC-10 | 5,000 (Nepali Rupees Five Thousand Only) | 2,50,000 (Nepali Rupees two Lakh fifty Thousand only) | 2079-12-17 12:00 hour 31-03-2023 | 2079-12-17 13:00 hour 31-03-2023 | 2079-12-06 13:00 hour 20-03-2023 | 88,70,746.53 (Nepali Rupees eighty-eight lakh seventy thousand seven hundred forty six and paisa fifty three only) |
| 12-55-NCBW-079-080-PWD-KMC | Construction of Road at Rudra Bazar (Master Marg), Sukumar Marg KMC-14 | 5,000 (Nepali Rupees Five Thousand Only) | 2,60,000 (Nepali Rupees two Lakh sixty Thousand only) | 2079-12-17 12:00 hour 31-03-2023 | 2079-12-17 13:00 hour 31-03-2023 | 2079-12-06 13:00 hour 20-03-2023 | 91,74,610.02 (Nepali Rupees ninety one lakh seventy four thousand six hundred ten and paisa two only) |
| 12-56-NCBW-079-080-PWD-KMC | Upgrading of Road & Sewerage Construction Works at Bhrikuti tole, Gulab Marg, KMC-16 | 5,000 (Nepali Rupees Five Thousand Only | 1,65,000 (Nepali Rupees one Lakh sixty-five Thousand only) | 2079-12-17 12:00 hour 31-03-2023 | 2079-12-17 13:00 hour 31-03-2023 | 2079-12-06 13:00 hour 20-03-2023 | 57,69,531.95 (Nepali Rupees fifty-seven lakh sixty-nine thousand five hundred thirty-one and paisa ninety-five only |
| 12-57-NCBW-079-080-PWD-KMC | Upgrading of Road and Sewer Line at Gunastarphat Bishnumarga KMC-16 | 5,000 (Nepali Rupees Five Thousand Only) | 1,55,000 (Nepali Rupees one lakh fifty five Thousand only) | 2079-12-17 12:00 hour 31-03-2023 | 2079-12-17 13:00 hour 31-03-2023 | 2079-12-06 13:00 hour 20-03-2023 | 54,77,646.29 (Nepali Rupees fifty four lakh seventy seven thousand six hundred forty six and paisa twenty nine only |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at KMC-Public Works Department, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Babarmahal, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
4. Pre-bid meeting shall be held at KMC-Public Works Department, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Babarmahal, Kathmandu, Bagmati Province, Nepal **on above mentioned date and time**.
5. Electronic bids must be submitted to the office KMC-Public Works Department, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Babarmahal, Kathmandu, Bagmati Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of KMC-Public Works Department, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Babarmahal, Kathmandu, Bagmati Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in **Kathmandu Metropolitan City, Deposit account, NIC Asia Bank Ltd., Account No. 0012050061493005.**
8. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
9. If the date of opening /date of pre-bid meeting falls on public holiday then the work to be done will be postponed for the next working day.

**Department Chief**